नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# प्रधानमन्त्री रोजगार कार्यक्रम

सिहंदरबार, काठमाडौं, नेपाल
फोन नं.: ०१-४२११६५४, ४२००४७७
Email: info@pmep.gov.np
Website: http:/pmep.gov.np

प.सं. ४-०८१/८२
च. नं./pmep/ २६०

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रम सिंहदरबार, काठमाडौं

मिति: २०८१।१०।२१

ने.सं. सिल्लाथ्व ११४५, सोमवार

श्री सम्बन्धीत स्थानीय तह,
(कार्यस्थलमा आधारित सीप विकास तथा जिवन उपयोगी तालिमको लागि बजेट उपलव्ध भएका), सबै।

**बिषयः कार्यस्थलमा आधारित सीप/क्षमता विकास र जीवन उपयोगी सीप तालिम सम्बन्धमा।**

प्रस्तुत बिषयमा यस कार्यक्रमको च.नं. ३४ मिति २०८१/४/२८ प.सं. ४-२०८१/०८२ को आ.ब. २०८१।०८२ का लागी प्रधानमन्त्री रोजगार कार्यक्रम तथा युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन, च.नं. १२१ मिति २०८१/६/१६ प.सं. ४-२०८१/०८२ को सीप तथा क्षमता विकास तालिम सञ्चालन गर्ने सम्बन्धी बिषयक पत्रहरु प्राप्त भएकै छ। कार्यस्थलमा आधारित सीप तथा क्षमता विकास तालिम सञ्चालनको लागि मार्गदर्शन तथा अन्य आवश्यक कागजातहरु समेत सहजिकरणको लागी उपलव्ध गराईएको, उत्पादनशिल रोजगारी तर्फ उन्मुख गराउनको लागि सूचिकृत बेरोजगारले सीप मुलक तालिमको समेत अबसर रहेको, तालिममा सहभागी भए बापत न्यूनतम् ज्याला रकम समेत प्राप्त गर्ने अबस्था रहेकोमा तालिम प्रकृया अगाडी नबढाउदा उक्त अबसरबाट सूचिकृत बेरोजगारहरु बन्चितहुन जाने अबस्था देखिन्छ। उक्त तालिम सञ्चालनको लागि सेवा प्रदायक छनौट गरी तालिम सञ्चालनको प्रगति विवरण मन्त्रालयबाट सञ्चालित रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) बाट जानकारी गराउन च.नं. २४८ मिति २०८१/१०/३ प.सं. ४-२०८१/०८२ मा रोजगार सेवा केन्द्रलाई पत्राचार गरिएकोमा केही स्थानीय तहको मात्र विवरण प्राप्त हुन आएको छ।

अत: सेवा प्रदायक छनौट तथा तालिम सञ्चालन प्रकृया शुरु भई प्रणालीमा अध्यावधिक गर्न बाँकी स्थानीय तहले सोको विवरण ३ (तीन) दिन भित्र उपलव्ध गराउनुहुन तथा तालिम सञ्चालनको लागि सेवा प्रदायक छनौट प्रकृया शुरु नगरेका स्थानीय तहले माघ मसान्त भित्र सेवा प्रदायक छनौटको लागि सुचना प्रकाशन गरी सोको जानकारी मन्त्रालयलाई गराउनुहुन आदेशानुसार अनुरोध छ।

२०८१/१०/२१

(नवराज सुवेदी)
शाखा अधिकृत